नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

# वातावरण संरक्षण ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना:** वातावरण संरक्षण ऐन, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "वातावरण संरक्षण (पहिलो संशोधन) ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **वातावरण संरक्षण ऐन, २०७६ को दफा २ मा संशोधनः** वातावरण संरक्षण ऐन, २०७६ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) "जोखिमपूर्ण पदार्थ" भन्नाले जोखिमपूर्ण फोहोरको सीमापार ओसारपसार, नियन्त्रण र विसर्जन सम्बन्धी बासेल महासन्धिमा सूचीकृत फोहोर तथा मानव स्वास्थ्य र वातावरणमा प्रतिकूल असर पार्ने विष्फोटक, ज्वलनशील, संक्रामक, विषालु, चीरस्थायी तथा संक्षारक (कोरोसिभ) गुण भएका फोहोर र नेपाल सरकारले जोखिमपूर्ण भनी तोकिएका अन्य पदार्थ सम्झनुपर्छ।"

(२) खण्ड (ञ) मा रहेको "ध्वनि" भन्ने शब्द पछि "प्रकाश," भन्ने शब्द थपिएको छ।

(३) खण्ड (ट) मा रहेको "कार्यक्रम" भन्ने शब्द पछि "वा क्रियाकलाप वा उद्योग" भन्ने शब्दहरू राखिएका छन्।

(४) खण्ड (ठ) मा रहेका "स्वीकृतिप्राप्त व्यक्ति" भन्ने शब्दहरू पछि "फर्म, कम्पनी, उद्योग" भन्ने शब्दहरू थपिएका छन्।

(५) खण्ड (ढ) र (द) को सट्टा देहायको खण्ड (ढ) र (द) राखिएको छः-

(ढ) "पूरक वातावरणीय अध्ययन" भन्नाले एकपटक स्वीकृत भइसकेको वातावरणीय अध्ययन सम्बन्धी प्रस्तावमा आंशिक रूपमा भौतिक पूर्वाधार, डिजाइन वा स्वरूप परिमार्जन गर्न, संरचना स्थानान्तरण वा फेरबदल गर्न, वन क्षेत्र थप गर्न वा आयोजनाको क्षमता वृद्धि गर्न तयार भएको वातावरणीय अध्ययन प्रतिवेदन सम्झनुपर्छ।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

(द) "मन्त्रालय" भन्नाले नेपाल सरकारको वातावरण सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(६) खण्ड (प) मा रहेका "संक्षिप्त वातावरणीय अध्ययन" भन्ने शब्दहरू झिकिएका छन्।

(७) खण्ड (फ) मा रहेको "रूपमा गरिने" भन्ने शब्दहरू पछि "विश्लेषणात्मक" भन्ने शब्द थपिएको छ।

(८) खण्ड (ब), (भ) र (म) को सट्टा देहायको खण्ड (ब), (भ) र (म) राखिएको छः-

"(ब) "विभाग" भन्नाले मन्त्रालय अन्तर्गतको वातावरण सम्बन्धी विषय हेर्ने विभाग सम्झनुपर्छ।

(भ) खण्ड (भ) मा रहेका "वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धमा कारबाही र निर्णय" भन्ने शब्दहरूको सट्टा "वातावरणीय अध्ययन प्रतिवेदन र संक्षिप्त वातावरणीय व्यवस्थापन योजनाको स्वीकृति, अनुगमन, जरिबानाका सम्बन्धमा कारबाही र अन्तिम निर्णय" भन्ने शब्दहरू राखिएका छन्।

(म) "संक्षिप्त वातावरणीय व्यवस्थापन योजना" भन्नाले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु नपर्ने प्रस्तावको हकमा सो प्रस्तावको कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्नको लागि अवलम्बन गरिने उपायको सम्बन्धमा संक्षिप्त रूपमा तयार गरिने व्यवस्थापन योजना सम्झनुपर्छ।"

३. <u>मूल ऐनको दफा ३ मा संशोधनः</u> मूल ऐनको दफा ३ को,-

(१) उपदफा (२) को खण्ड (क), (ख) र (ग) को सट्टा देहायको खण्ड (क), (ख) र (ग) राखिएको छः-

"(क) सङ्घको अधिकारक्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन भए मन्त्रालयसमक्ष र प्रारम्भिक वातावरणीय परीक्षण भए तोकिएको निकायसमक्ष,

(ख) प्रदेश सरकारको अधिकारक्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित प्रस्ताव, वनक्षेत्र प्रयोग हुने स्थानीय तहको अधिकार क्षेत्रभित्रको कुनै प्रस्ताव र स्थानीय तहको

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

अधिकारक्षेत्रभित्र पर्ने तर वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्नुपर्ने प्रस्ताव भए सम्बन्धित प्रदेशको वातावरण सम्बन्धी विषय हेर्ने मन्त्रालयसमक्ष,

(ग) स्थानीय तहको अधिकारक्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित वन क्षेत्र बाहेकको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धी प्रस्ताव भए सम्बन्धित स्थानीय तहसमक्ष,"

(२) उपदफा (२) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थप गरिएको छः-

"(घ) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्नु नपर्ने प्रस्तावको हकमा तयार गरिने संक्षिप्त वातावरणीय व्यवस्थापन योजना भए निजी क्षेत्रको प्रस्तावको हकमा सञ्चालन गर्न अनुमति दिने निकायसमक्ष र सरकारी वा अर्धसरकारी प्रस्तावको हकमा कार्यान्वयन गर्ने निकायसमक्ष।"

(३) उपदफा (२) पछि देहायको उपदफा (२क) थप गरिएको छः-

"(२क) उपदफा (२) को खण्ड (क) र (ख) बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार र खण्ड (घ) बमोजिम संक्षिप्त वातावरणीय व्यवस्थापन योजना तयार गर्दा प्रस्ताव कार्यान्वयन हुने क्षेत्र पुरातात्विक महत्वका क्षेत्र वा संरक्षित क्षेत्र वा राष्ट्रिय वन क्षेत्रमा पर्न गएमा प्रचलित कानुन बमोजिम तोकिएको निकायबाट सहमति लिनु पर्नेछ।"

(४) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राचीन स्मारक सम्बन्धी कानुन बमोजिम प्राचीन स्मारक मानिने सम्पदाको सोही रूपमा पुनर्निर्माण गर्दा वा रेट्रो फिटिङ गर्दा र विपद्‌को समयमा दैनिक जनजीवनलाई सामान्य बनाउनका लागि गरिने कार्यका लागि वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक पर्ने छैन।"

(५) उपदफा (६) मा रहेका "पेश गर्ने" भन्ने शब्दहरू पछि "र वातावरणीय अध्ययन प्रतिवेदन सेवा शुल्क" भन्ने शब्दहरू राखिएका छन्।"

४. **<u>मूल ऐनको दफा ४ मा संशोधनः</u>** मूल ऐनको दफा ४ को उपदफा (२) मा रहेको आयोजना भन्ने शब्दको पछि "वा प्रस्ताव" भन्ने शब्दहरू राखिएका छन्।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

५. **मूल ऐनको दफा ५ मा संशोधनः** मूल ऐनको दफा ५ को उपदफा (१) र (२) को सट्टा देहायको उपदफा (१) र (२) राखिएका छन्:-

"(१) यस ऐन बमोजिम कुनै प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपूर्व सम्बन्धित निकायबाट त्यस्तो प्रस्तावको क्षेत्र निर्धारण र कार्यसूची स्वीकृत गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको क्षेत्रगत रूपमा क्षेत्र निर्धारण र कार्यसूची तयार गर्ने तथा स्वीकृत गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

६. **मूल ऐनको दफा ६ मा संशोधनः** मूल ऐनको दफा ६ को उपदफा (२) पछि देहायका उपदफा (३) थपिएको छः-

"(३) उपदफा (२) बमोजिम कुनै परामर्शदाताले अध्ययन प्रतिवेदन तयार गर्न नपाउने भएमा सो सम्बन्धमा सम्बन्धित निकायले आवश्यक निर्णय गरी त्यस्तो निर्णयको जानकारी सार्वजनिक गर्नु पर्नेछ।"

७. **मूल ऐनको दफा ७ मा संशोधनः** मूल ऐनको दफा ७ को,-

(१) उपदफा (२) पछि देहायको उपदफा (२क) थप गरिएको छः-

"(२क) उपदफा (२) बमोजिम गठित समितिको विज्ञलाई दिइने पारिश्रमिक तोकिए बमोजिम हुनेछ।"

(२) उपदफा (३) मा रहेका "संक्षिप्त वातावरणीय अध्ययनको" भन्ने शब्दहरूको सट्टा "संक्षिप्त वातावरणीय व्यवस्थापन योजनाको" भन्ने शब्दहरू राखिएका छन्।"

(३) उपदफा (५) पछि देहायका उपदफा (५क), (५ख) र (५ग) थपिएको छः-

"(५क) उपदफा (५) बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनको एकीकृत डाटाबेस विभागले अध्यावधिक गर्नु पर्नेछ।

(५ख) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि वातावरणीय अध्ययन प्रतिवेदन तोकिए बमोजिमको प्रक्रिया पूरा नगरी संलग्न गर्नुपर्ने कागजात संलग्न नगराई वा झुट्टा विवरण पेस भएमा वा उपदफा (२) बमोजिमको समितिले दिएका राय सुझाव समावेश नगरी प्रतिवेदन पेस गरेमा वा अनुकूल प्रभावको तुलनामा प्रतिकूल प्रभाव बढी भएको सम्बन्धित निकायलाई लागेमा त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्न सम्बन्धित निकाय बाध्य हुने छैन।

(५ग) उपदफा (५ख) बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन अस्वीकृत गर्नुपुर्व प्रस्तावकलाई सम्बन्धित निकायले सफाइ पेस गर्न मौका दिनु पर्नेछ।"

(४) उपदफा (६) मा रहेको "प्रतिवेदन" भन्ने शब्दको सट्टा "प्रतिवेदन र संक्षिप्त वातावरणीय व्यवस्थापन योजना" तथा "स्वीकृति" भन्ने शब्दको सट्टा "जाँचबुझ प्रक्रिया र स्वीकृति तथा डाटाबेस व्यवस्थापन" भन्ने शब्दहरू राखिएका छन्।"

८. <u>मूल ऐनको दफा १० मा संशोधनः</u> मूल ऐनको दफा १० को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको लागि पेस गर्दा तोकिए बमोजिम वातावरणीय व्यवस्थापन योजना प्रतिवेदनमा समावेश गर्नु पर्नेछ।"

(२) उपदफा (४) मा रहेको "प्रगति विवरण" भन्ने शब्दहरू पछि "प्रतिवेदन" भन्ने शब्द र "प्रत्येक छ महिनामा" भन्ने शब्दहरूको सट्टा "कम्तीमा वार्षिक रूपमा" भन्ने शब्दहरू राखी सो पछि "विभाग र" भन्ने शब्दहरू राखिएका छन्।"

(३) उपदफा (४) पछि देहायको उपदफा (४क) थप गरिएको छः-

"(४क) उपदफा (४) बमोजिम प्राप्त प्रतिवेदन कार्यान्वयन भए नभएको सम्बन्धमा सम्बन्धित निकाय वा विभाग वा प्रतिवेदन कार्यान्वयनको सम्झौता गर्ने निकायले अनुगमन गर्न सक्नेछ।"

(४) उपदफा (५) पछि देहायको उपदफा (६) थप गरिएको छः-

"(६) संक्षिप्त वातावरणीय व्यवस्थापन योजना तयारी, प्रस्तावकले पेस गर्नुपर्ने प्रगति विवरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

९. <u>मूल ऐनको दफा ११ मा संशोधनः</u> मूल ऐनको दफा ११ को,-

(१) मूल ऐनको दफा ११ को दफा शीर्षकमा रहेका "पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने" भन्ने शब्दहरूको सट्टा "पूरक वातावरणीय अध्ययन गर्नुपर्ने" भन्ने शब्दहरू राखी सो दफाको ठाउँ ठाउँमा रहेका "पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने" भन्ने शब्दहरूको सट्टा "पूरक वातावरणीय अध्ययन गर्नुपर्ने" भन्ने शब्दहरू राखिएका छन्।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२) दफा ११ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको रुख संख्या भन्ने शब्द पछि रहेको सट्टा "घटेको वा" भन्ने शब्दहरू झिकिएको छ।

(३) उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छः-

"(३क) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक पटक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भइसकेको आयोजनामा केही भौतिक पूर्वाधार, डिजाइन वा स्वरूप परिमार्जन गर्नुपर्ने वा संरचना स्थानान्तरण वा फेरबदल गर्नुपर्ने भए तापनि वातावरणमा उल्लेखनीय प्रभाव नपर्ने अवस्था रहेकोमा वा आयोजनाको क्षमता घटेमा वा साविककै क्षेत्रफलमा रुख सङ्ख्यामा थपघट भएमा सम्बन्धित निकायले वातावरणीय अध्ययन प्रतिवेदनमा रहेको वातावरणीय व्यवस्थापन योजना परिमार्जन गर्न सहमति दिई त्यस्तो योजना स्वीकृति गर्न सक्नेछ।"

१०. **<u>मूल ऐनको दफा १२ मा संशोधनः</u>** मूल ऐनको दफा १२ को,-

(१) मूल शीर्षकका "सेवा सुरु भएपछि" भन्ने शब्दहरू हटाइएका छन्।

(२) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएका प्रस्तावकले प्रस्तावको कार्यान्वयन सुरु गरी सेवा वा वस्तु उत्पादन वा वितरण सुरु गरे पश्चात हरेक तीन वर्षमा त्यस्तो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा परेको प्रतिकूल प्रभाव, त्यस्ता प्रभावलाई कम गर्न अपनाएको उपाय तथा त्यस्तो उपायको प्रभावकारिता र न्यूनीकरण हुन नसकेको वा आँकलन नै नभएको प्रतिकूल प्रभाव उत्पन्न भएकोमा सो समेतको विश्लेषण गरी तोकिए बमोजिमको वातावरण परीक्षकबाट तोकिए बमोजिमको वातावरणीय परीक्षण गराई सोको प्रतिवेदन अद्यावधिक गर्नु पर्नेछ।"

(३) उपदफा (१) पछि देहायको उपदफा (१क) थप गरिएको छः-

"(१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुन बमोजिम पूरा गर्नुपर्ने प्रक्रिया र अनुमति लिई संवत् २०५४ साल असार १० भन्दा अगावै सञ्चालनमा रहेका प्रस्तावको हकमा वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराएको भए तापनि उपदफा (१) बमोजिम यो ऐन जारी भएको मितिले एक वर्षभित्र वातावरण परीक्षकबाट तोकिए बमोजिमको वातावरणीय परीक्षण गराउन सक्नेछ।"

(४) उपदफा (२) मा रहेका "आदेश" भन्ने शब्दको सट्टा "निर्देशन" भन्ने शब्द राखिएको छ।

(५) उपदफा (२) पछि देहायको उपदफा (२क) र (२ख) थप गरिएको छः-

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

"(२क) उपदफा (१क) बमोजिम वातावरण परीक्षकले तयार गरेको प्रतिवेदनमा वातावरणमा पर्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न प्रस्तावकले अपनाएको उपाय पर्याप्त भएको नदेखिएमा प्रस्तावकले वातावरणीय अध्ययन गर्नुपर्ने अवस्था रहेको प्रतिवेदन सम्बन्धित निकायमा पेस गर्नु पर्नेछ।"

(२ख) उपदफा (२क) बमोजिम प्रतिवेदन प्राप्त भएपछि सम्बन्धित निकायले प्रस्तावकलाई छ महिनाभित्र वातावरणीय अध्ययन प्रतिवेदन वा संक्षिप्त वातावरणीय व्यवस्थापन योजना तयार गरी स्वीकृतिको लागि सम्बन्धित निकायमा पेस गर्न आदेश दिनु पर्नेछ।"

(६) उपदफा (३) मा रहेको "आदेश" भन्ने शब्दको सट्टा "निर्देशन" भन्ने शब्द राखिएको छ।

(७) उपदफा (३) पछि देहायको उपदफा (४), (५) र (६) थपिएका छन्:-

"(४) उपदफा (३) बमोजिम मन्त्रालय वा तोकिएको निकायले दिएको निर्देशन प्रस्तावकले एक वर्षभित्र कार्यान्वयन गरी सोको जानकारी मन्त्रालय, विभाग र सम्बन्धित निकायलाई दिनु पर्नेछ।

(५) वातावरणीय परीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(६) वातावरण परीक्षकको योग्यता तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।"

११. <u>**मूल ऐनको दफा १३ मा संशोधनः**</u> मूल ऐनको दफा १३ को,-

(१) ठाउँ ठाउँमा रहेका "आयोजना" भन्ने शब्दको सट्टा "प्रस्ताव" भन्ने शब्द राखिएको छ।

(२) उपदफा (३) पछि देहायको उपदफा (४) र (५) थप गरिएका छन्:-

"(४) दफा १२ को उपदफा (१क) बमोजिम वातावरणीय परीक्षकले दिएको प्रतिवेदनबाट वातावरणमा प्रतिकूल प्रभाव पर्न गएको देखिएमा सम्बन्धित निकायले परीक्षकको सिफारिसमा त्यस्तो प्रस्ताव सञ्चालनमा रोक लगाउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम रोक लगाइएको प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन वा संक्षिप्त वातावरणीय व्यवस्थापन योजना स्वीकृत पश्चात सम्बन्धित निकायले फुकुवा गर्न सक्नेछ।"

१२. <u>**मूल ऐनको दफा १५ मा संशोधनः**</u> मूल ऐनको दफा १५ को,-

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

(१) उपदफा (१) पछि देहायको उपदफा (१क) र (१ख) थपिएका छन्:-

"(१क) उपदफा (१) बमोजिम नेपाल सरकारले मापदण्ड निर्धारण गर्दा तोकिए बमोजिमको प्राविधिक समितिको सिफारिसलाई समेत आधार लिन सक्नेछ।

(१ख) कागज, प्लाष्टिक तथा सिसाजन्य वस्तुहरूको उत्पादन प्याकेजिङका कारण उत्पन्न फोहरमैला तथा प्रदूषण नियन्त्रण तथा व्यवस्थापन गर्न उत्पादन प्याकेजिङ फिर्ता व्यवस्थापन प्रणाली कार्यान्वयन गर्न तोकिए बमोजिमको कार्यविधि अनुरूप कोष स्थापना र सञ्चालन गर्ने प्राधिकारसहितको उत्पादन प्याकेजिङ फिर्ता व्यवस्थापन प्राधिकरण सरकारी वा सार्वजनिक निजी साझेदारीमा स्थापना गरी कार्यान्वयन गरिनेछ।

(२) उपदफा (४) मा रहेको "निर्देशन" भन्ने शब्दको सट्टा "आदेश" भन्ने शब्द राखिएको छ।

(३) उपदफा (७) मा रहेको "मूल्याङ्कन" भन्ने शब्दको सट्टा "निरीक्षण" भन्ने शब्द राखिएको छ।

१३. <u>मूल ऐनको दफा १८ मा संशोधनः</u> मूल ऐनको दफा १८ को,-

"(१) उपदफा (१) मा रहेका "नेपाल सरकार वा प्रदेश सरकारले" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहले" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (२) मा रहेका "व्यवस्थापन" भन्ने शब्दको सट्टा "व्यवस्थापन र मान्यता दिने प्रक्रिया" भन्ने शब्दहरू राखिएका छन्।"

१४. <u>मूल ऐनको दफा १९ मा संशोधनः</u> मूल ऐनको दफा १९ को,-

(१) उपदफा (१) मा रहेको "सम्बन्धित निकायले" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित निकाय वा विभाग वा दफा २१ बमोजिम खटिएको कर्मचारीले" भन्ने शब्दहरू राखिएका छन्।

१५. <u>मूल ऐनको दफा २० मा संशोधनः</u> मूल ऐनको दफा २० को उपदफा (१) मा रहेको "प्रमाणपत्र" भन्ने शब्द पछि "र वातावरण गुणस्तर चिन्ह" भन्ने शब्दहरू राखिएका छन्।"

१६. <u>मूल ऐनको दफा २१ मा संशोधनः</u> मूल ऐनको दफा २१ को,-

"(१) उपदफा (१) मा रहेको "प्रतिवेदन" भन्ने शब्दको सट्टा "प्रतिवेदन र संक्षिप्त वातावरणीय व्यवस्थापन योजना" भन्ने शब्दहरू र "सम्बन्धमा" भन्ने शब्द पछि "सम्बन्धित निकाय वा

विभाग वा सम्बन्धित निकाय अन्तर्गतको कार्यालयबाट खटिएको" भन्ने शब्दहरू राखिएका छन्।"

(२) उपदफा (२) मा "वातावरण निरीक्षक उपलब्ध नभएको अवस्थामा" भन्ने शब्दहरूको सट्टा "वातावरणीय अध्ययन प्रतिवेदन र संक्षिप्त वातावरणीय व्यवस्थापन योजनाको अनुगमन तथा निरीक्षणलाई थप प्रभावकारी बनाउन वातावरण निरीक्षकका अतिरिक्त" भन्ने शन्दहरू राखिएको, "निकायले" भन्ने शब्द पछि "हरेक वर्षको आषाढ मसान्तमा आगामी आर्थिक वर्षका लागि विषयगत क्षेत्र अनुसार वातावरण व्यवस्थापन सम्बन्धी अनुभव प्राप्त भन्ने शब्दहरू राखिएका छन्।

(३) उपदफा (२) को खण्ड (क) को "वा प्रदेश सरकारको" भन्ने शब्द पछि "वा स्थानीय तहको" भन्ने शब्दहरू थप गरिएका छन्।

(४) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रस्तावकले प्रस्ताव कार्यान्वयन गर्दा वा स्वःअनुगमन प्रतिवेदन तयार गर्दा सरकारी सेवामा कार्यरत नरहेको वातावरण निरीक्षकबाट गर्न गराउन कुनै बाधा पर्ने छैन।"

१७. **<u>मूल ऐनको दफा २२ मा संशोधनः</u>** मूल ऐनको दफा २२ को,-

"(१) उपदफा (१) को "वातावरण निरीक्षक भन्ने शब्दहरू पछि "दफा २१ को उपदफा (१) बमोजिम वातावरण निरीक्षकको रूपमा खटिएको कर्मचारी" भन्ने शब्दहरू राखिएको छ।

(२) खण्ड (घ) मा रहेको "पूर्णविराम चिन्ह" को सट्टा "अल्पविराम चिन्ह" राखी सो पछि देहायका खण्ड (ङ) थपिएको छः-

"(ङ) सम्बन्धित निकायबाट प्रतिवेदन वा योजना कार्यान्वयनका सम्बन्धमा भएका आदेश वा निर्देशनहरू पालना भए नभएको निरीक्षण गर्ने।"

(३) उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छः-

"(३क) यस दफा बमोजिम अनुगमन तथा निरीक्षणको सिलसिलामा वातावरण निरीक्षणले आवश्यक परेको खण्डमा सुरक्षा प्रयोजनको लागि नेपाल प्रहरीको सहायता माग गरेमा आवश्यक सुरक्षाको प्रबन्ध गर्नु नेपाल प्रहरीको कर्तव्य हुनेछ।"

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

(४) उपदफा (५) को "विभागको महानिर्देशक" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित निकायको प्रमुख" भन्ने शब्दहरू राखिएका छन्।

(५) उपदफा (६) पछि देहायको उपदफा (६क) थप गरिएको छः-

"(६क) उपदफा (६) बमोजिम प्रतिवेदन प्राप्त भएपछि सम्बन्धित निकाय वा विभागले सो सम्बन्धमा देहायको कुनै वा सबै काम गर्न सक्नेछः-

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली, मापदण्ड विपरीत प्रदूषण गर्ने वा फोहरमैला निष्कासन गर्ने व्यक्ति, संस्था वा प्रस्तावकलाई उपस्थित गराई बयान गराउने,

(ख) कुनै संयन्त्र, औजार, मेसिनरी वा पदार्थको जाँचबुझ गर्ने गराउने र त्यस्तो संयन्त्र, औजार, मेसिनरी वा पदार्थको प्रयोगमा रोक लगाउने,

(ग) प्रदूषणको रोकथाम तथा फोहरमैलाको निष्कासन नगर्न उपयुक्त आदेश जारी गर्ने।

(घ) यस ऐन बमोजिम आवश्यक कारबाही गर्ने।"

१८. <u>मूल को दफा २८ मा संशोधनः</u> मूल ऐनको दफा २८ को,-

"(१) उपदफा (१) मा रहेका "नेपाल सरकारले" भन्ने शब्दको सट्टा "नेपाल सरकार वा तोकिए बमोजिमको प्रस्तावकले" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (२) मा रहेका "लाभ बाँडफाँट" भन्ने शब्दहरू पछि "तथा आयोजना दस्तुर र त्यस्तो आयोजनाबाट उत्पत्ति भएको कार्बन क्रेडिटको बिक्री शुल्क" भन्ने शब्दहरू थपिएका छन्।

<u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनको लागि,-

(१) "प्रस्तावक" भन्नाले कार्बन व्यापारमा भाग लिनको लागि तोकिएको क्षेत्रमा आयोजना विकास गर्ने आयोजना विकासकर्ताको रूपमा रहेका प्रस्तावक सम्झनुपर्छ।

(२) "आयोजना" भन्नाले कार्बन क्रेडिट उत्पन्न गर्ने आयोजना सम्झनुपर्छ।"

१९. <u>मूल ऐनको दफा ३५ मा संशोधनः</u> मूल ऐनको दफा ३५ को,-

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

(१) दफा ३५ को सट्टा देहायको दफा ३५ राखिएको छः-

"**३५. <u>सजायः</u>** (१) दफा ३५ को उपदफा (१) को खण्ड (क), (ख) र (ग) को सट्टा देहायको खण्ड (क), (ख) र (ग) राखिएका छन्-

(क) संक्षिप्त वातावरणीय व्यवस्थापन योजना स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन तयारी नगरी प्रस्ताव कार्यान्वयन गरेमा दुई लाखदेखि पाँच लाख रुपैयाँसम्म, प्रकृयामा गएको तर स्वीकृत नगराई कार्यान्वयन गरेमा एक लाखदेखि तीन लाख रुपैयाँसम्म वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कार्यान्वयन गरेमा पचास हजारदेखि दुई लाख रुपैयाँसम्म जरिबाना।

(ख) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन तयारी नगरी प्रस्ताव कार्यान्वयन गरेमा पाँच लाखदेखि दश लाख रुपैयाँसम्म, प्रकृयामा गएको तर स्वीकृत नगराई कार्यान्वयन गरेमा दुई लाखदेखि पाँच लाख रुपैयाँसम्म वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कार्यान्वयन गरेमा एक लाखदेखि तीन लाख रुपैयाँसम्म जरिबाना।

(ग) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन तयारी नगरी प्रस्ताव कार्यान्वयन गरेमा दश लाखदेखि पचास लाख रुपैयाँसम्म, प्रकृयामा गएको तर स्वीकृत नगराई कार्यान्वयन गरेमा पाँच लाखदेखि पच्चिस लाख रुपैयाँसम्म वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कार्यान्वयन गरेमा पाँच लाखदेखि दश लाख रुपैयाँसम्म जरिबाना।

(२) कसैले ऐनको दफा १३ को उपदफा (३) बमोजिम सुधार नगरेमा उपदफा (१) बमोजिमको जरिबानाको तेब्बर जरिबाना हुनेछ।

(३) कसैले दफा १५ बमोजमि निर्धारण गरिएको मापदण्डको बर्खिलाप हुने गरी कुनै कार्य गरेमा विभागले त्यस्तो कार्य गर्न बन्देज लगाई तीन लाख रुपैयाँसम्म जरिबाना गरी मापदण्डमा व्यवस्था भए बमोजिम गर्न आदेश दिन सक्नेछ।

(४) कसैले दफा (१६) को बर्खिलाप हुने गरी जोखिमपूर्ण फोहरको आयात वा पैठारी गरेमा विभागबाट पाँच लाख रुपैयाँसम्म जरिबाना गरिनेछ।

(५) कसैले दफा (१७) को बर्खिलाप हुने गरी जोखिमपूर्ण फोहर फालेमा विभागबाट पाँच लाखसम्म जरिबाना र त्यस्तो जोखिम पदार्थ व्यवस्थापनका लागि लाग्ने रकम समेत असुल उपर गरिनेछ।

(६) कसैले यस दफामा उल्लिखित बाहेक ऐन वा ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका वा कार्यविधि वा मापदण्डको बर्खिलाप गरेमा विभागले तीन लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(७) यस दफा बमोजिमको जरिबाना गर्नु पूर्व सफाइको मौका दिनु पर्नेछ।"

२०. <u>मूल ऐनको दफा ३९ मा संशोधन</u>: मूल ऐनको दफा ३९ को,-

(१) उपदफा (२) पछि देहायको उपदफा (२क), (२ख) र (२ग) थपिएका छन्:-

"(२क) प्रस्तावकले स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम प्रस्ताव कार्यान्वयनको वार्षिक रूपमा स्वःअनुगमन गरी अनुगमन प्रतिवेदन स्वीकृत गर्ने निकाय र विभागमा बुझाउनु पर्नेछ।

(२ख) दफा ७ को उपदफा (५) बमोजिम स्वीकृत भई उपदफा (५क) बमोजिम प्राप्त प्रतिवेदन अनुसार काम भए नभएको सम्बन्धमा विभाग वा सम्बन्धित निकायले अनुगमन गर्न सक्नेछ र अनुगमन गर्दा प्रतिवेदन अनुसार काम नभएको पाइएमा दफा ३५ बमोजिम कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

(२ग) उपदफा (२ख) बमोजिम कारबाहीको लागि सिफारिस प्राप्त भएमा सम्बन्धित निकायले यस ऐन बमोजिम कारबाही गर्नु पर्नेछ।"

२१. <u>मूल ऐनको दफा ४१ मा संशोधन</u>: मूल ऐनको दफा ४१ को,-

(१) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ:-

"(१क) उपदफा (१) बमोजिम नेपाल सरकारले जारी गरेको आदेश कार्यान्वयन भए नभएको सम्बन्धमा दफा २१ बमोजिमको वातावरण निरीक्षक वा खटिएको कर्मचारीले अनुगमन र निरीक्षण गरी सोको प्रतिवेदन सम्बन्धित निकायको प्रमुख मार्फत विभागको महानिर्देशकसमक्ष पेस गर्नेछ।"

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

**वातावरण संरक्षण ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक**

**तीन महले विवरण**

| क्र.सं. | दफा, उपदफा तथा खण्ड, उपखण्ड | हालको व्यवस्था | संशोधनको लागि प्रस्तावित व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|---|
| १ | दफा १ (१), (२) | १. **संक्षिप्त नाम र प्रारम्भः** "(१) यस ऐनको नाम "वातावरण संरक्षण ऐन, २०७६" रहेको छ।<br>(२) यो ऐन प्रमाणीकरण भएको आठौं दिनदेखि प्रारम्भ हुनेछ।" | १. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "वातावरण संरक्षण (पहिलो संशोधन) ऐन, २०८३" रहेको छ।<br>(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ। | कानुनको ढाँचामा राखिएको |
| २ | दफा २ को खण्ड (च), (ञ), (ट), (ठ), (ढ), (द), (प), (फ), (ब), (भ) र (म) | (च) "जोखिमपूर्ण पदार्थ" भन्नाले जोखिमपूर्ण फोहोरको सीमापार ओसारपसार, नियन्त्रण र विसर्जन सम्बन्धी बासेल महासन्धिमा सूचीकृत पदार्थ तथा मानव स्वास्थ्य र वातावरणमा प्रतिकूल असर पार्ने विष्फोटक, ज्वलनशील, चीरस्थायी तथा संक्षारक (कोरोसिभ) गुण भएका र पुनः प्रयोग नगरिएका कच्चा पदार्थबाट प्रशोधन भई पहिलो | २. **वातावरण संरक्षण ऐन, २०७६ को दफा २ मा संशोधनः** वातावरण संरक्षण ऐन, २०७६ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को,-<br>(१) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-<br>"(च) "जोखिमपूर्ण पदार्थ" भन्नाले जोखिमपूर्ण फोहोरको सीमापार ओसारपसार, नियन्त्रण र विसर्जन सम्बन्धी बासेल महासन्धिमा सूचीकृत फोहोर तथा मानव स्वास्थ्य र | आवश्यकता अनुसारको परिभाषामा परिमार्जन र अध्यावधिक, सरोकारवालाको समस्या सम्बोधन गर्न, सर्वोच्च अदालतको मिति २०८२/१२ गते मुद्दा नं-०७६-WC-०००१ र |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| | | पटक प्रयोगमा आउन लागेका पदार्थ सम्झनुपर्छ।<br>(ञ) "प्रदूषण" भन्नाले फोहोरमैला, रसायन, ताप, ध्वनी, विद्युतीय, विद्युत-चुम्बकीय तरङ्ग वा रेडियोधर्मी विकिरणका कारण वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि पुऱ्याउने कार्य सम्झनुपर्छ।<br>(ट) "प्रस्ताव" भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनुपर्छ।<br>(ठ) "प्रस्तावक" भन्नाले प्रस्ताव स्वीकृतिको लागि निवेदन दिने वा प्रस्ताव कार्यान्वयन गर्न स्वीकृतिप्राप्त व्यक्ति वा सरकारी, अर्धसरकारी वा | वातावरणमा प्रतिकूल असर पार्ने विष्फोटक, ज्वलनशील, संक्रामक, विषालु, चीरस्थायी तथा संक्षारक (कोरोसिभ) गुण भएका फोहोर र नेपाल सरकारले जोखिमपूर्ण भनी तोकिएका अन्य पदार्थ सम्झनुपर्छ।"<br>(२) खण्ड (ञ) मा रहेको "ध्वनि" भन्ने शब्द पछि "प्रकाश," भन्ने शब्द थपिएको छ।<br>(३) खण्ड (ट) मा रहेको "कार्यक्रम" भन्ने शब्द पछि "वा क्रियाकलाप वा उद्योग" भन्ने शब्दहरू राखिएका छन्।<br>(४) खण्ड (ठ) मा रहेका "स्वीकृतिप्राप्त व्यक्ति" भन्ने शब्दहरू पछि "फर्म, कम्पनी, उद्योग" भन्ने शब्दहरू थपिएका छन्।<br>(५) खण्ड (ढ) र (द) को सट्टा देहायको खण्ड (ढ) र (द) राखिएको छः-<br>(ढ) "पूरक वातावरणीय अध्ययन" भन्नाले एकपटक स्वीकृत भइसकेको वातावरणीय अध्ययन सम्बन्धी प्रस्तावमा आंशिक रूपमा भौतिक पूर्वाधार, डिजाइन वा स्वरूप परिमार्जन गर्न, संरचना स्थानान्तरण वा फेरबदल गर्न, वन क्षेत्र थप गर्न वा | मुद्दा नं. ०७६-WC-००१० को रिट निवेदनमा वन ऐन, २०७६ दफा २ को खण्ड (ज) मा रहेको प्रचलित कानुन बमोजिम नेपाल सरकारले खटाएको भन्ने शब्दहरू अमान्य र बदर घोषित गरेको हुँदा सो विषयलाई सम्बोधन गर्नु परेको र तराई क्षेत्रमा प्रयोग गर्ने भाषा र स्थानीय सरकार सञ्चालन ऐनमा प्रयोग गरिएको शब्दसँग मिलान समेत गर्न। |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| | | गैरसरकारी निकाय वा संस्था सम्झनुपर्छ।<br>(ढ) "पूरक वातावरणीय प्रभाव मूल्याङ्कन" भन्नाले एकपटक स्वीकृत भइसकेको वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी प्रस्तावमा आंशिक रूपमा भौतिक पूर्वाधार, डिजाइन वा स्वरूप परिमार्जन गर्न, संरचना स्थानान्तरण वा फेरबदल गर्न, वन क्षेत्र थप गर्न वा आयोजनाको क्षमता वृद्धि गर्नको लागि पेश भएको प्रस्ताव उपर पुनः गरिने वातावरणीय प्रभाव मूल्याङ्कन सम्झनुपर्छ।<br>(द) "मन्त्रालय" भन्नाले नेपाल सरकारको वन तथा वातावरण मन्त्रालय सम्झनुपर्छ।<br>(प) "वातावरणीय अध्ययन प्रतिवेदन" भन्नाले संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा तयार गरिएको प्रतिवेदन सम्झनुपर्छ।<br>(फ) "वातावरणीय प्रभाव मूल्याङ्कन" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो | आयोजनाको क्षमता वृद्धि गर्न तयार भएको वातावरणीय अध्ययन प्रतिवेदन सम्झनुपर्छ।<br>(द) "मन्त्रालय" भन्नाले नेपाल सरकारको वातावरण सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ।<br>(६) खण्ड (प) मा रहेका "संक्षिप्त वातावरणीय अध्ययन" भन्ने शब्दहरू झिकिएका छन्।<br>(७) खण्ड (फ) मा रहेको "रूपमा गरिने" भन्ने शब्दहरू पछि "विश्लेषणात्मक" भन्ने शब्द थपिएको छ।<br>(८) खण्ड (ब), (भ) र (म) को सट्टा देहायको खण्ड (ब), (भ) र (म) राखिएको छः-<br>"(ब) "विभाग" भन्नाले मन्त्रालय अन्तर्गतको वातावरण सम्बन्धी विषय हेर्ने विभाग सम्झनुपर्छ।<br>(भ) खण्ड (भ) मा रहेका "वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धमा कारबाही र निर्णय" भन्ने शब्दहरूको सट्टा " वातावरणीय अध्ययन प्रतिवेदन र संक्षिप्त वातावरणीय व्यवस्थापन योजनाको स्वीकृति, अनुगमन, जरिबानाका | |

| | | | | |
|---|---|---|---|---|
| | | प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्नुको साथै त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्बन गरिने उपायको सम्बन्धमा विस्तृत रूपमा गरिने अध्ययन तथा मूल्याङ्कन सम्झनुपर्छ।<br>(ब) "विभाग" भन्नाले मन्त्रालय अन्तर्गतको वातावरण विभाग सम्झनुपर्छ।<br>(भ) "सम्बन्धित निकाय" भन्नाले वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धमा कारबाही र निर्णय गर्ने दफा ३ को उपदफा (२) बमोजिमको निकाय सम्झनुपर्छ।<br>(म) "संक्षिप्त वातावरणीय अध्ययन" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्नको लागि अवलम्बन गरिने उपायको सम्बन्धमा संक्षिप्त रूपमा गरिने अध्ययन सम्झनुपर्छ। | सम्बन्धमा कारबाही र अन्तिम निर्णय" भन्ने शब्दहरू राखिएका छन्।<br>(म) "संक्षिप्त वातावरणीय व्यवस्थापन योजना" भन्नाले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु नपर्ने प्रस्तावको हकमा सो प्रस्तावको कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्नको लागि अवलम्बन गरिने उपायको सम्बन्धमा संक्षिप्त रूपमा तयार गरिने व्यवस्थापन योजना सम्झनुपर्छ।" | |

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| ३. | दफा ३ को (२) (क), (ख), (ग); (४); (६) | (२) उपदफा (१) बमोजिम तयार गरिएको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको लागि तोकिए बमोजिमको प्रक्रिया पूरा गरी देहायको निकाय समक्ष पेश गर्नु पर्नेछः-<br>(क) राष्ट्रिय प्राथमिकता प्राप्त विकास आयोजना, लगानी बोर्डबाट लगानी स्वीकृत भई कार्यान्वयन गरिने आयोजना, राष्ट्रिय गौरवका आयोजना, प्रचलित कानून बमोजिम संघको अधिकारक्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना, एकभन्दा बढी प्रदेशमा निर्माण कार्य गर्नुपर्ने आयोजना वा नेपाल सरकारले तोकेको कुनै आयोजना सम्बन्धी प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण भए तोकिएको निकाय समक्ष र | ३. **<u>मूल ऐनको दफा ३ मा संशोधनः</u>** मूल ऐनको दफा ३ को,-<br>(१) उपदफा (२) को खण्ड (क), (ख) र (ग) को सट्टा देहायको खण्ड (क), (ख) र (ग) राखिएको छः-<br>"(क) सङ्घको अधिकारक्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन भए मन्त्रालयसमक्ष र प्रारम्भिक वातावरणीय परीक्षण भए तोकिएको निकायसमक्ष,<br>(ख) प्रदेश सरकारको अधिकारक्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित प्रस्ताव, वनक्षेत्र प्रयोग हुने स्थानीय तहको अधिकार क्षेत्रभित्रको कुनै प्रस्ताव र स्थानीय तहको अधिकारक्षेत्रभित्र पर्ने तर वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्नुपर्ने प्रस्ताव भए सम्बन्धित प्रदेशको वातावरण सम्बन्धी विषय हेर्ने मन्त्रालयसमक्ष,<br>(ग) स्थानीय तहको अधिकारक्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित वन क्षेत्र बाहेकको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन | अधिकारक्षेत्र अनुसार वातावरणीय अध्ययन प्रतिवेदन/संक्षिप्त व्यवस्थापन योजना पेस गर्ने निकाय स्पष्ट पार्न, विपद्को समयमा गरिने कार्यलाई छुट दिन र सेवा शुल्क व्यवस्था थप गर्न। |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| | | वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन भए मन्त्रालय समक्ष,<br>(ख) प्रदेश सरकारको अधिकारक्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको हकमा सम्बन्धित प्रदेश कानूनले तोकेको निकाय समक्ष,<br>(ग) स्थानीय तहको अधिकारक्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको हकमा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन भए सम्बन्धित स्थानीय कानूनले तोकेको निकाय समक्ष र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन भए प्रदेश कानूनले तोकेको प्रदेश सरकारको निकाय समक्ष। | सम्बन्धी प्रस्ताव भए सम्बन्धित स्थानीय तहसमक्ष,"<br>(२) उपदफा (२) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थप गरिएको छ:-<br>"(घ) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्नु नपर्ने प्रस्तावको हकमा तयार गरिने संक्षिप्त वातावरणीय व्यवस्थापन योजना भए निजी क्षेत्रको प्रस्तावको हकमा सञ्चालन गर्न अनुमति दिने निकायसमक्ष र सरकारी वा अर्धसरकारी प्रस्तावको हकमा कार्यान्वयन गर्ने निकायसमक्ष।"<br>(३) उपदफा (२) पछि देहायको उपदफा (२क) थप गरिएको छ:-<br>"(२क) उपदफा (२) को खण्ड (क) र (ख) बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार र खण्ड (घ) बमोजिम संक्षिप्त वातावरणीय व्यवस्थापन योजना तयार गर्दा प्रस्ताव कार्यान्वयन हुने क्षेत्र पुरातात्विक महत्वका क्षेत्र वा संरक्षित क्षेत्र वा राष्ट्रिय वन क्षेत्रमा पर्न गएमा | |

कृषि, वन तथा पर्यावरण मन्त्रालय नेपाल सरकार सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| | | (४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राचीन स्मारक सम्बन्धी कानून बमोजिम प्राचीन स्मारक मानिने सम्पदाको सोही रूपमा पुनर्निर्माण गर्दा वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक पर्ने छैन।<br>(६) वातावरणीय अध्ययन प्रतिवेदन पेश गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | प्रचलित कानुन बमोजिम तोकिएको निकायबाट सहमति लिनु पर्नेछ।"<br>(४) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-<br>"(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राचीन स्मारक सम्बन्धी कानुन बमोजिम प्राचीन स्मारक मानिने सम्पदाको सोही रूपमा पुनर्निर्माण गर्दा वा रेट्रो फिटिङ गर्दा र विपद्को समयमा दैनिक जनजीवनलाई सामान्य बनाउनका लागि गरिने कार्यका लागि वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक पर्ने छैन।"<br>(५) उपदफा (६) मा रहेका "पेस गर्ने" भन्ने शब्दहरू पछि "र वातावरणीय अध्ययन प्रतिवेदन सेवा शुल्क" भन्ने शब्दहरू राखिएका छन्।" | |
| | दफा ४ (२) | (२) उपदफा (१) बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा प्रस्तावकले आयोजना कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रारम्भिक, मध्यकालीन एवम् दीर्घकालीन प्रतिकूल प्रभाव र त्यसको न्यूनीकरणको लागि | ४. <u>मूल ऐनको दफा ४ मा संशोधनः</u> मूल ऐनको दफा ४ को उपदफा (२) मा रहेको आयोजना भन्ने शब्दको पछि "वा प्रस्ताव" भन्ने शब्दहरू राखिएका छन्। | "आयोजना" शब्दसँगै "प्रस्ताव" शब्द पनि समेटी शब्दगत स्पष्टता ल्याउन। |

| | | | | |
|---|---|---|---|---|
| | | अवलम्बन गर्नुपर्ने विधि तथा प्रक्रिया समेत उल्लेख गर्नुपर्नेछ। | | |
| | दफा ५ को उपदफा (१) र (२) | (१) यस ऐन बमोजिम कुनै प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपूर्व सम्बन्धित निकायबाट त्यस्तो प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षणको हकमा कार्यसूची र वातावरणीय प्रभाव मूल्याङ्कनको हकमा क्षेत्र निर्धारण र कार्यसूची स्वीकृत गर्नुपर्नेछ।<br>(२) उपदफा (१) बमोजिमको क्षेत्र निर्धारण र कार्यसूची तयार गर्ने तथा स्वीकृत गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | ५. **<u>मूल ऐनको दफा ५ मा संशोधन</u>**: मूल ऐनको दफा ५ को उपदफा (१) र (२) को सट्टा देहायको उपदफा (१) र (२) राखिएका छन्:-<br>"(१) यस ऐन बमोजिम कुनै प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपूर्व सम्बन्धित निकायबाट त्यस्तो प्रस्तावको क्षेत्र निर्धारण र कार्यसूची स्वीकृत गर्नु पर्नेछ।<br>(२) उपदफा (१) बमोजिमको क्षेत्रगत रूपमा क्षेत्र निर्धारण र कार्यसूची तयार गर्ने तथा स्वीकृत गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।" | प्रस्तावको प्रकृति अनुसार क्षेत्र निर्धारण र कार्यसूची स्वीकृति प्रक्रियालाई स्पष्ट र व्यवस्थित बनाउन। |
| | दफा ६ (२) थप (३) | (२) उपदफा (१) बमोजिमको मापदण्ड वा गुणस्तर विपरीत वा त्यस्तो मापदण्ड पालना नगरी प्रतिवेदन पेश भएमा त्यस्तो प्रतिवेदन तयार गर्ने परामर्शदाताले बढीमा पाँच वर्षसम्म वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्न पाउने छैन। | ६. **<u>मूल ऐनको दफा ६ मा संशोधन</u>**: मूल ऐनको दफा ६ को उपदफा (२) पछि देहायका उपदफा (३) थपिएको छ:-<br>"(३) उपदफा (२) बमोजिम कुनै परामर्शदाताले अध्ययन प्रतिवेदन तयार गर्न नपाउने भएमा सो सम्बन्धमा सम्बन्धित निकायले आवश्यक निर्णय गरी त्यस्तो निर्णयको जानकारी सार्वजनिक गर्नु | मापदण्ड विपरीत प्रतिवेदन तयार गर्ने परामर्शदातालाई प्रतिबन्ध लगाउँदा सोको जानकारी सार्वजनिक गरी पारदर्शिता कायम गर्न। |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| | | | पर्नेछ।" | |
| | दफा ७ को (२) थप (२क); (३); (५) थप (५क), (५ख), (५ग); (६) | (३) उपदफा (१) बमोजिम प्राप्त वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्तावको सम्बन्धमा थप वातावरणीय अध्ययन गर्नुपर्ने देखिएमा सम्बन्धित निकायले प्रस्तावकलाई संक्षिप्त वातावरणीय अध्ययनको हकमा प्रारम्भिक वातावरणीय परीक्षण वा प्रारम्भिक वातावरणीय परीक्षणको हकमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्न गराउन आदेश दिनुपर्नेछ।<br>(६) वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | ७. **<u>मूल ऐनको दफा ७ मा संशोधनः</u>** मूल ऐनको दफा ७ को,-<br>(१) उपदफा (२) पछि देहायको उपदफा (२क) थप गरिएको छः-<br>"(२क) उपदफा (२) बमोजिम गठित समितिको विज्ञलाई दिइने पारिश्रमिक तोकिए बमोजिम हुनेछ।"<br>(२) उपदफा (३) मा रहेका "संक्षिप्त वातावरणीय अध्ययन" भन्ने शब्दहरूको सट्टा "संक्षिप्त वातावरणीय व्यवस्थापन योजना" भन्ने शब्दहरू राखिएका छन्।"<br>(३) उपदफा (५) पछि देहायका उपदफा (५क), (५ख) र (५ग) थपिएको छः-<br>"(५क) उपदफा (५) बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनको एकीकृत डाटाबेस विभागले अध्यावधिक गर्नु पर्नेछ।<br>(५ख) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि वातावरणीय अध्ययन प्रतिवेदन तोकिए बमोजिमको प्रक्रिया पूरा नगरी संलग्न गर्नुपर्ने कागजात संलग्न नगराई वा झुट्टा विवरण पेस भएमा वा उपदफा (२) बमोजिमको | प्रतिवेदन जाँचबुझ प्रक्रियालाई थप वस्तुनिष्ठ र डाटाबेसमा आधारित बनाई गुणस्तरहीन वा त्रुटिपूर्ण प्रतिवेदन अस्वीकृत गर्न सक्ने अधिकार सम्बन्धित निकायलाई दिने व्यवस्था राख्न आवश्यक भएको। |

कृषि, वन तथा पर्यावरण मन्त्रालय नेपाल सरकार सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| | | | समितिले दिएका राय सुझाव समावेश नगरी प्रतिवेदन पेस गरेमा वा अनुकूल प्रभावको तुलनामा प्रतिकूल प्रभाव बढी भएको सम्बन्धित निकायलाई लागेमा त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्न सम्बन्धित निकाय बाध्य हुने छैन।<br>(५ग) उपदफा (५ख) बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन अस्वीकृत गर्नुपुर्व प्रस्तावकलाई सम्बन्धित निकायले सफाइ पेस गर्न मौका दिनु पर्नेछ।"<br>(४) उपदफा (६) मा रहेको "प्रतिवेदन" भन्ने शब्दको सट्टा "प्रतिवेदन र संक्षिप्त वातावरणीय व्यवस्थापन योजना" तथा "स्वीकृति" भन्ने शब्दको सट्टा "जाँचबुझ प्रक्रिया र स्वीकृति तथा डाटाबेस व्यवस्थापन" भन्ने शब्दहरू राखिएका छन्।" | |
| | दफा १० (१); (४); उपदफा (४) थप (४क); (५), थप (६) | (१) प्रस्तावकले प्रस्ताव कार्यान्वयन गर्नुअघि तोकिए बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्नुपर्नेछ।<br>(४) प्रस्तावकले उपदफा (१) बमोजिम तयार गरेको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनको लागि स्पष्ट कार्ययोजना बनाई सो बमोजिम | ८. **<u>मूल ऐनको दफा १० मा संशोधनः</u>** मूल ऐनको दफा १० को,-<br>(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-<br>"(१) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको लागि पेस गर्दा तोकिए | वातावरणीय व्यवस्थापन योजनाको कार्यान्वयन र अनुगमनलाई प्रभावकारी बनाई प्रगति प्रतिवेदन पेस गर्ने समयावधि व्यावहारिक बनाउन। |

कृषि, वन तथा पर्यावरण मन्त्रालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| | | कार्यान्वयन गर्नुपर्नेछ र सोको प्रगति विवरण आयोजना कार्यान्वयन सुरु भएपछि प्रत्येक छ महिनामा सम्बन्धित निकाय समक्ष पेश गर्नुपर्नेछ।<br>(५) उपदफा (१) बमोजिमको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनको सम्बन्धमा वातावरणीय प्रतिकूल प्रभाव न्यूनीकरणका उपाय अवलम्बन गर्दा प्रस्ताव कार्यान्वयन हुँदा प्रभावित हुने स्थानीय समुदाय मार्फत कार्यक्रम सञ्चालन गर्ने कुरालाई प्राथमिकता दिनुपर्नेछ। | बमोजिम वातावरणीय व्यवस्थापन योजना प्रतिवेदनमा समावेश गर्नु पर्नेछ।"<br>(२) उपदफा (४) मा रहेको "प्रगति विवरण" भन्ने शब्दहरू पछि प्रतिवेदन भन्ने शब्द र "प्रत्येक छ महिनामा" भन्ने शब्दहरूको सट्टा "कम्तीमा वार्षिक रूपमा" भन्ने शब्दहरू राखी सो पछि "विभाग र" भन्ने शब्दहरू राखिएका छन्।"<br>(३) उपदफा (४) पछि देहायको उपदफा (४क) थप गरिएको छः-<br>"(४क) उपदफा (४) बमोजिम प्राप्त प्रतिवेदन कार्यान्वयन भए नभएको सम्बन्धमा सम्बन्धित निकाय वा विभाग वा प्रतिवेदन कार्यान्वयनको सम्झौता गर्ने निकायले अनुगमन गर्न सक्नेछ।"<br>(४) उपदफा (५) पछि देहायको उपदफा (६) थप गरिएको छः-<br>"(६) संक्षिप्त वातावरणीय व्यवस्थापन योजना तयारी, प्रस्तावकले पेस गर्नुपर्ने प्रगति विवरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।" | |
| | दफा ११ (१), (२), | ११. <u>पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्नेः</u> (१) दफा ७ बमोजिम | ९. <u>मूल ऐनको दफा ११ मा संशोधनः</u> मूल ऐनको दफा ११ को,- | पूरक अध्ययन प्रक्रियालाई सरल बनाई |

| | | | | |
|---|---|---|---|---|
| | (३) थप (३क) | वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भएको कुनै आयोजनाको भौतिक पूर्वाधार, डिजाइन वा स्वरूपमा केही परिमार्जन गर्नुपरेमा, संरचना स्थानान्तरण वा फेरबदल गर्नुपरेमा, वनक्षेत्र थप गर्नुपरेमा वा आयोजनाको क्षमता वृद्धि गर्नुपरेमा त्यस्तो कार्य गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने वा नपर्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्न सकिने वा नसकिने सम्बन्धमा यकिन गर्न प्रस्तावकले पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्नेछ।<br>तर स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित वन क्षेत्रको क्षेत्रफल वा कटान हुने रुख संख्या दश प्रतिशतसम्म घटेको वा बढेको भएमा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने छैन। यसरी वन क्षेत्रको क्षेत्रफल वा कटान हुने रुखको संख्या घटेको वा बढेकोमा प्रस्तावकले सोको लिखित जानकारी सम्बन्धित निकायलाई दिनुपर्नेछ। | (१) मूल ऐनको दफा ११ को दफा शीर्षकमा रहेका "पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने" भन्ने शब्दहरूको सट्टा "पूरक वातावरणीय अध्ययन गर्नुपर्ने" भन्ने शब्दहरू राखी सो दफाको ठाउँ ठाउँमा रहेका "पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने" भन्ने शब्दहरूको सट्टा "पूरक वातावरणीय अध्ययन गर्नुपर्ने" भन्ने शब्दहरू राखिएका छन्।<br>(२) दफा ११ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको रुख संख्या भन्ने शब्द पछि रहेको सट्टा "घटेको वा" भन्ने शब्दहरू झिकिएको छ।<br>(३) उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छः-<br>"(३क) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक पटक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भइसकेको आयोजनामा केही भौतिक पूर्वाधार, डिजाइन वा स्वरूप परिमार्जन गर्नुपर्ने वा संरचना स्थानान्तरण वा फेरबदल गर्नुपर्ने भए तापनि वातावरणमा उल्लेखनीय प्रभाव नपर्ने अवस्था रहेकोमा वा आयोजनाको क्षमता घटेमा वा साविककै क्षेत्रफलमा रुख सङ्ख्यामा थपघट भएमा | वातावरणमा उल्लेखनीय असर नपार्ने साना कुराको परिमार्जनमा पुनः पूर्ण मूल्याङ्कन गर्नु नपर्ने व्यवस्था गरी सरल बनाउन। |

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| | | (२) उपदफा (१) बमोजिम पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नको लागि प्रस्तावकले आयोजनाको विभिन्न अवयवमा परिवर्तन गर्नुपरेको कारण तथा त्यसबाट वातावरणमा पर्न सक्ने प्रतिकूल असरका बारेमा विश्लेषण गरी वातावरणीय परिसूचक बमोजिमको तुलनात्मक तालिका र अन्य आवश्यक पुष्ट्याईं सहित सम्बन्धित निकाय समक्ष निवेदन दिनुपर्नेछ। तर सम्बन्धित निकायले प्रस्तावकलाई पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन पेश गर्न आदेश दिएकोमा प्रस्तावकले निवेदन दिनुपर्ने छैन।<br>(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा सम्बन्धित निकायले तोकिए बमोजिम पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन अनुमति दिन सक्नेछ।<br>(४) पूरक वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | सम्बन्धित निकायले वातावरणीय अध्ययन प्रतिवेदनमा रहेको वातावरणीय व्यवस्थापन योजना परिमार्जन गर्न सहमति दिई त्यस्तो योजना स्वीकृति गर्न सक्नेछ।" | |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| | दफा १२ को शीर्षक; उपदफा (१), (२), (३) | **१२. <u>सेवा सुरु भएपछि वातावरणीय परीक्षण गर्ने</u>:** (१) विभाग वा तोकिएको निकायले यस ऐन बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने प्रस्तावको कार्यान्वयन सुरु गरी सेवा वा वस्तु उत्पादन वा वितरण सुरु गरेको दुई वर्ष भुक्तान भएको मितिले छ महिनाभित्र त्यस्तो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा परेको प्रतिकूल प्रभाव, त्यस्ता प्रभावलाई कम गर्न अपनाएको उपाय तथा त्यस्तो उपायको प्रभावकारिता र न्यूनीकरण हुन नसकेको वा आँकलन नै नभएको प्रतिकूल प्रभाव उत्पन्न भएकोमा सो समेतको विश्लेषण गरी वातावरणीय परीक्षण प्रतिवेदन अद्यावधिक रूपमा राख्नुपर्नेछ।<br>(२) उपदफा (१) बमोजिमको वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धमा सम्बन्धित निकायसँग समन्वय गरी विभाग वा तोकिएको निकायले आवश्यक अध्ययन गरी वातावरणमा पर्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न अपनाइएको | **१०. <u>मूल ऐनको दफा १२ मा संशोधन</u>:** मूल ऐनको दफा १२ को,-<br>(१) मूल शीर्षकका "सेवा सुरु भएपछि" भन्ने शब्दहरू हटाइएका छन्।<br>(२) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ:-<br>"(१) यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएका प्रस्तावकले प्रस्तावको कार्यान्वयन सुरु गरी सेवा वा वस्तु उत्पादन वा वितरण सुरु गरे पश्चात हरेक तीन वर्षमा त्यस्तो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा परेको प्रतिकूल प्रभाव, त्यस्ता प्रभावलाई कम गर्न अपनाएको उपाय तथा त्यस्तो उपायको प्रभावकारिता र न्यूनीकरण हुन नसकेको वा आँकलन नै नभएको प्रतिकूल प्रभाव उत्पन्न भएकोमा सो समेतको विश्लेषण गरी तोकिए बमोजिमको वातावरण परीक्षकबाट तोकिए बमोजिमको वातावरणीय परीक्षण गराई सोको प्रतिवेदन अद्यावधिक गर्नु पर्नेछ।"<br>(३) उपदफा (१) पछि देहायको उपदफा (१क) थप गरिएको छ:- | आवधिक वातावरणीय परीक्षणलाई नियमित (हरेक ३ वर्षमा) बनाई पुराना (अघि स्वीकृति नलिई सञ्चालनमा रहेका) प्रस्तावलाई समेत परीक्षणको दायरामा ल्याउन र बढी व्यावहारिक बनाउन। साथै, शाब्दिक व्याख्या अनुसारको शब्द चयनको सङ्गति मिलाउन। |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| | | उपाय पर्याप्त भएको नदेखेमा त्यस्तो प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्न प्रस्तावकलाई उपयुक्त आदेश दिन सक्नेछ।<br>(३) उपदफा (२) बमोजिम विभाग वा तोकिएको निकायले दिएको आदेश कार्यान्वयन गर्नु प्रस्तावकको कर्तव्य हुनेछ। | "(१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुन बमोजिम पूरा गर्नुपर्ने प्रक्रिया र अनुमति लिई संवत् २०५४ साल असार १० भन्दा अगावै सञ्चालनमा रहेका प्रस्तावको हकमा वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराएको भए तापनि उपदफा (१) बमोजिम यो ऐन जारी भएको मितिले एक वर्षभित्र वातावरण परीक्षकबाट तोकिए बमोजिमको वातावरणीय परीक्षण गराउन सक्नेछ।"<br>(४) उपदफा (२) मा रहेका "आदेश" भन्ने शब्दको सट्टा "निर्देशन" भन्ने शब्द राखिएको छ।<br>(५) उपदफा (२) पछि देहायको उपदफा (२क) र (२ख) थप गरिएको छ:-<br>"(२क) उपदफा (१क) बमोजिम वातावरण परीक्षकले तयार गरेको प्रतिवेदनमा वातावरणमा पर्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न प्रस्तावकले अपनाएको उपाय पर्याप्त भएको नदेखिएमा प्रस्तावकले वातावरणीय अध्ययन गर्नुपर्ने अवस्था रहेको प्रतिवेदन सम्बन्धित निकायमा पेस गर्नु पर्नेछ।" | |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| | | | (२ख) उपदफा (२क) बमोजिम प्रतिवेदन प्राप्त भएपछि सम्बन्धित निकायले प्रस्तावकलाई छ महिनाभित्र वातावरणीय अध्ययन प्रतिवेदन वा संक्षिप्त वातावरणीय व्यवस्थापन योजना तयार गरी स्वीकृतिको लागि सम्बन्धित निकायमा पेस गर्न आदेश दिनु पर्नेछ।”<br><br>(६) उपदफा (३) मा रहेको “आदेश” भन्ने शब्दको सट्टा “निर्देशन” भन्ने शब्द राखिएको छ।<br>(७) उपदफा (३) पछि देहायको उपदफा (४), (५) र (६) थपिएका छन्:-<br>“(४) उपदफा (३) बमोजिम मन्त्रालय वा तोकिएको निकायले दिएको निर्देशन प्रस्तावकले एक वर्षभित्र कार्यान्वयन गरी सोको जानकारी मन्त्रालय, विभाग र सम्बन्धित निकायलाई दिनु पर्नेछ।<br>(५) वातावरणीय परीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।<br>(६) वातावरण परीक्षणकको योग्यता तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।” | |

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| | दफा १३ (१), (२), (३) थप (४) र (५) | **१३. <u>रोक लगाउन सक्नेः</u>** (१) कसैले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनभन्दा विपरीत हुने गरी आयोजना कार्यान्वयन गरेमा सम्बन्धित निकायले त्यस्तो आयोजना कार्यान्वयन गर्न तत्काल रोक लगाउन सक्नेछ।<br>(२) उपदफा (१) बमोजिम आयोजना कार्यान्वयन गर्न रोक लगाइएकोमा त्यसरी रोक लगाइएको कारणबाट प्रस्तावकलाई कुनै क्षति पुग्न गएमा प्रस्तावकले सो बापत क्षतिपूर्तिको दाबी गर्न पाउने छैन।<br>(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यान्वयनमा रोक लगाइएको आयोजनाको प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराएमा वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम आयोजना कार्यान्वयनमा सुधार गरेमा | **११. <u>मूल ऐनको दफा १३ मा संशोधनः</u>** मूल ऐनको दफा १३ को,-<br>(१) ठाउँ ठाउँमा रहेका "आयोजना" भन्ने शब्दको सट्टा "प्रस्ताव" भन्ने शब्द राखिएको छ।<br>(२) उपदफा (३) पछि देहायको उपदफा (४) र (५) थप गरिएका छन्:-<br>"(४) दफा १२ को उपदफा (१क) बमोजिम वातावरणीय परीक्षकले दिएको प्रतिवेदनबाट वातावरणमा प्रतिकूल प्रभाव पर्न गएको देखिएमा सम्बन्धित निकायले परीक्षकको सिफारिसमा त्यस्तो प्रस्ताव सञ्चालनमा रोक लगाउन सक्नेछ।<br>(५) उपदफा (४) बमोजिम रोक लगाइएको प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन वा संक्षिप्त वातावरणीय व्यवस्थापन योजना स्वीकृत पश्चात सम्बन्धित निकायले फुकुवा गर्न सक्नेछ।" | वातावरणीय परीक्षण प्रतिवेदनको सिफारिसका आधारमा समेत प्रस्ताव सञ्चालनमा रोक लगाउन र स्वीकृतिपछि फुकुवा गर्न सकिने व्यवस्था गर्न। |

कृषि, वन तथा पर्यावरण मन्त्रालय नेपाल सरकार सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| | | उपदफा (१) बमोजिम लगाएको रोक सम्बन्धित निकायले फुकुवा गर्न सक्नेछ। | | |
| | दफा १५ (१) थप (१क), (१ख); (४); (७) | (४) कसैले उपदफा (२) वा (३) विपरीत कुनै कार्य गरी वातावरणमा प्रतिकूल प्रभाव पारेको देखिएमा विभागले सम्बद्ध व्यक्ति, समूह वा संस्थालाई प्रदूषण न्यूनीकरण वा निराकरणको उपाय अवलम्बन गर्न निर्देशन दिन, आवश्यक शर्त तोक्न वा वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनै कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ।<br>(७) उपदफा (१) बमोजिम निर्धारण भएको मापदण्डको पालनाको सम्बन्धमा विभागले समय समयमा अनुगमन तथा मूल्याङ्कन गर्नेछ। | १२. <u>**मूल ऐनको दफा १५ मा संशोधनः**</u> मूल ऐनको दफा १५ को,-<br>(१) उपदफा (१) पछि देहायको उपदफा (१क) र (१ख) थपिएका छन्:-<br>"(१क) उपदफा (१) बमोजिम नेपाल सरकारले मापदण्ड निर्धारण गर्दा तोकिए बमोजिमको प्राविधिक समितिको सिफारिसलाई समेत आधार लिन सक्नेछ।<br>(१ख) कागज, प्लाष्टिक तथा सिसाजन्य वस्तुहरूको उत्पादन प्याकेजिङका कारण उत्पन्न फोहरमैला तथा प्रदूषण नियन्त्रण तथा व्यवस्थापन गर्न उत्पादन प्याकेजिङ फिर्ता व्यवस्थापन प्रणाली कार्यान्वयन गर्न तोकिए बमोजिमको कार्यविधि अनुरूप कोष स्थापना र सञ्चालन गर्ने प्राधिकारसहितको उत्पादन प्याकेजिङ फिर्ता व्यवस्थापन प्राधिकरण सरकारी वा सार्वजनिक निजी साझेदारीमा स्थापना गरी कार्यान्वयन गरिनेछ।<br>(२) उपदफा (४) मा रहेको "निर्देशन" भन्ने शब्दको सट्टा "आदेश" भन्ने शब्द राखिएको छ। | मापदण्ड निर्धारणमा प्राविधिक समितिको सिफारिस समावेश गर्न र कागज, प्लास्टिक, सिसाजन्य वस्तुको प्याकेजिङबाट हुने प्रदूषण व्यवस्थापनका लागि उत्पादकलाई जिम्मेवारी बनाउन र उचित व्यवस्थापनको लागि प्राधिकरण स्थापना अत्यावश्यक भएको। |

| | | | | |
|---|---|---|---|---|
| | | | (३) उपदफा (७) मा रहेको "मूल्याङ्कन" भन्ने शब्दको सट्टा "निरीक्षण" भन्ने शब्द राखिएको छ। | |
| | दफा १८ (१) र (२) | (१) वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी जाँच वा परीक्षण गर्न नेपाल सरकार वा प्रदेश सरकारले आवश्यकता अनुसार प्रयोगशाला स्थापना गर्न वा नेपाल सरकारले मान्यता दिएको कुनै प्रयोगशालालाई वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी जाँच वा परीक्षण गर्ने गरी तोक्न सक्नेछ।<br>(२) उपदफा (१) बमोजिम स्थापना भएको प्रयोगशालाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ। | **१३. <u>मूल ऐनको दफा १८ मा संशोधनः</u>** मूल ऐनको दफा १८ को,-<br>"(१) उपदफा (१) मा रहेका "नेपाल सरकार वा प्रदेश सरकारले" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहले" भन्ने शब्दहरू राखिएका छन्।<br>(२) उपदफा (२) मा रहेका "व्यवस्थापन" भन्ने शब्दको सट्टा "व्यवस्थापन र मान्यता दिने प्रक्रिया" भन्ने शब्दहरू राखिएका छन्।" | प्रयोगशाला स्थापना गर्न सक्ने अधिकार स्थानीय तहलाई समेत प्रदान गर्न। |
| | दफा १९ (१) | (१) सम्बन्धित निकायले कुनै उद्योग, कलकारखाना, यन्त्र, सवारी साधन जस्ता यान्त्रिक उपकरणबाट उत्सर्जन हुने वा हुन सक्ने प्रदूषण वा फोहोरमैलाको अध्ययन, जाँच, परीक्षण वा विश्लेषण गर्न चाहेमा सम्बन्धित धनी वा सम्बद्ध व्यक्तिले त्यस्तो उद्योग, कलकारखाना, यन्त्र, सवारी साधन जस्ता यान्त्रिक उपकरणबाट उत्सर्जन | **१४. <u>मूल ऐनको दफा १९ मा संशोधनः</u>** मूल ऐनको दफा १९ को,-<br>(१) उपदफा (१) मा रहेको "सम्बन्धित निकायले" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित निकाय वा विभाग वा दफा २१ बमोजिम खटिएको कर्मचारीले" भन्ने शब्दहरू राखिएका छन्। | नमुना सङ्कलनको जिम्मेवारी सम्बन्धित निकायसँगै विभाग र दफा २१ बमोजिम खटिएका कर्मचारीलाई समेत दिन। |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| | | भएको प्रदूषण वा फोहोरमैलाको नमूना सङ्कलन गर्न दिनुपर्नेछ। | | |
| | दफा २० (१) | (१) मन्त्रालय वा प्रदेश मन्त्रालयले प्रदूषण नियन्त्रणमा उल्लेखनीय योगदान गर्ने उद्योगलाई तोकिए बमोजिम प्रदूषण नियन्त्रण प्रमाणपत्र उपलब्ध गराउन सक्नेछ। | 15. **<u>मूल ऐनको दफा २० मा संशोधनः</u>** मूल ऐनको दफा २० को उपदफा (१) मा रहेको "प्रमाणपत्र" भन्ने शब्द पछि "र वातावरण गुणस्तर चिन्ह" भन्ने शब्दहरू राखिएका छन्।" | प्रदूषण नियन्त्रणमा योगदान गर्ने उद्योगलाई प्रमाणपत्रसँगै वातावरण गुणस्तर चिन्ह समेत प्रदान गर्न सकिने व्यवस्था गर्न। |
| | दफा २१ (१), (२) (क); थप (२क) | (१) दफा ७ बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन अनुसार गर्नुपर्ने कार्य प्रभावकारी रूपले भए नभएको सम्बन्धमा र प्रदूषण नियन्त्रण तथा वातावरण संरक्षण सम्बन्धी मापदण्डको परिपालना भए नभएको सम्बन्धमा वातावरण निरीक्षकले अनुगमन तथा निरीक्षण गर्नेछ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वातावरण निरीक्षक उपलब्ध नभएको अवस्थामा देहायको निकायले देहायका अधिकृत वा कर्मचारीलाई वातावरण निरीक्षकको रूपमा तोकी अनुगमन तथा निरीक्षणको लागि खटाउन सक्नेछः- | १६. **<u>मूल ऐनको दफा २१ मा संशोधनः</u>** मूल ऐनको दफा २१ को,-<br>"(१) उपदफा (१) मा रहेका "प्रतिवेदन" भन्ने शब्दको सट्टा "प्रतिवेदन र संक्षिप्त वातावरणीय व्यवस्थापन योजना" भन्ने शब्दहरू र "सम्बन्धमा" भन्ने शब्द पछि "सम्बन्धित निकाय वा विभाग वा सम्बन्धित निकाय अन्तर्गतको कार्यालयबाट खटिएको" भन्ने शब्दहरू राखिएका छन्।"<br>(२) उपदफा (२) मा "वातावरण निरीक्षक उपलब्ध नभएको अवस्थामा" भन्ने शब्दहरूको सट्टा "वातावरणीय अध्ययन प्रतिवेदन र संक्षिप्त वातावरणीय व्यवस्थापन योजनाको अनुगमन तथा निरीक्षणलाई थप प्रभावकारी बनाउन वातावरण निरीक्षकका अतिरिक्त" भन्ने शब्दहरू र | अनुगमन तथा निरीक्षण कार्यमा स्थानीय तहलाई समेट्न, अनुभवी जनशक्ति परिचालन गर्न र सरकारी सेवामा नरहेका वातावरण निरीक्षकबाट समेत स्वःअनुगमन गराउन सकिने व्यवस्था गर्न। |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| | | (क) दफा ७ बमोजिम स्वीकृत दफा ३ को उपदफा (२) को खण्ड (क) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन अनुसार गर्नुपर्ने कार्य प्रभावकारी रूपले भए नभएको सम्बन्धमा र प्रदूषण नियन्त्रण तथा वातावरण संरक्षण सम्बन्धी मापदण्डको परिपालना भए नभएको सम्बन्धमा मन्त्रालयले नेपाल सरकार वा प्रदेश सरकारको अधिकृत कर्मचारीलाई, | "निकायले" भन्ने शब्द पछि "हरेक वर्षको आषाढ मसान्तमा आगामी आर्थिक वर्षका लागि विषयगत क्षेत्र अनुसार वातावरण व्यवस्थापन सम्बन्धी अनुभव प्राप्त" भन्ने शब्दहरू राखिएका छन्।<br>(३) उपदफा (२) को खण्ड (क) को "वा प्रदेश सरकारको" भन्ने शब्द पछि "वा स्थानीय तहको" भन्ने शब्दहरू थप गरिएका छन्।<br>(४) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-<br>"(२क) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रस्तावकले प्रस्ताव कार्यान्वयन गर्दा वा स्वःअनुगमन प्रतिवेदन तयार गर्दा सरकारी सेवामा कार्यरत नरहेको वातावरण निरीक्षकबाट गर्न गराउन कुनै बाधा पर्ने छैन।" | |
| | दफा २२ (१) (क), (ख), (ग), (घ); (२), (३) थप (३क); | (१) वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-<br>(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत जोखिमपूर्ण पदार्थ निष्कासन गरे, नगरेको वा प्रदूषण | **१७.** <u>**मूल ऐनको दफा २२ मा संशोधनः**</u> मूल ऐनको दफा २२ को,-<br>"(१) उपदफा (१) को "वातावरण निरीक्षक भन्ने शब्दहरू पछि "दफा २१ को उपदफा (१) बमोजिम वातावरण निरीक्षकको रूपमा खटिएको कर्मचारी" भन्ने शब्दहरू राखिएको छ। | निरीक्षण कार्यमा आवश्यक सुरक्षाका लागि नेपाल प्रहरीको सहयोग लिन सकिने, कारबाहीको अधिकार सम्बन्धित निकायको प्रमुखलाई दिने र |

कृषि, वन तथा पर्यावरण मन्त्रालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| | (५); (६) थप (६क) | गरे, नगरेको सम्बन्धमा निरीक्षण गर्ने,<br>(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने कार्य भए नभएको निरीक्षण गर्ने,<br>(ग) प्रस्ताव कार्यान्वयन गर्दा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा तोकिएका शर्त बमोजिम काम भए नभएको सम्बन्धमा स्थलगत जाँचबुझ तथा निरीक्षण गर्ने,<br>(घ) दफा १३ वा १५ बमोजिम रोक लगाइएको विषयको पालना भए नभएको निरीक्षण गर्ने।<br>(३) यस दफा बमोजिम निरीक्षणको सिलसिलामा वातावरण निरीक्षकले माग गरेको विवरण वा जानकारी उपलब्ध गराई सहयोग गर्नु सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकको कर्तव्य हुनेछ।<br>(५) उपदफा (४) बमोजिम वातावरण निरीक्षकले गरेको सजाय उपर चित्त नबुझ्ने पक्षले उक्त सजायको जानकारी पाएको | (२) खण्ड (घ) मा रहेको "पूर्णविराम चिन्ह" को सट्टा "अल्पविराम चिन्ह" राखी सो पछि देहायका खण्ड (ङ) थपिएको छः-<br>"(ङ) सम्बन्धित निकायबाट प्रतिवेदन वा योजना कार्यान्वयनका सम्बन्धमा भएका आदेश वा निर्देशनहरू पालना भए नभएको निरीक्षण गर्ने।"<br>(३) उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छः-<br>"(३क) यस दफा बमोजिम अनुगमन तथा निरीक्षणको सिलसिलामा वातावरण निरीक्षणले आवश्यक परेको खण्डमा सुरक्षा प्रयोजनको लागि नेपाल प्रहरीको सहायता माग गरेमा आवश्यक सुरक्षाको प्रबन्ध गर्नु नेपाल प्रहरीको कर्तव्य हुनेछ।"<br>(४) उपदफा (५) को "विभागको महानिर्देशक" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित निकायको प्रमुख" भन्ने शब्दहरू राखिएका छन्।<br>(५) उपदफा (६) पछि देहायको उपदफा (६क) थप गरिएको छः-<br>"(६क) उपदफा (६) बमोजिम प्रतिवेदन प्राप्त भएपछि सम्बन्धित निकाय वा विभागले सो | प्रतिवेदनपछि लिन सकिने कारबाहीका विकल्प स्पष्ट पार्न। |

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| | | मितिले पन्ध्र दिनभित्र विभागको महानिर्देशक समक्ष उजुरी गर्न सक्नेछ।<br>(६) यस दफा बमोजिम भएको जाँचबुझ तथा निरीक्षणको प्रतिवेदन वातावरण निरीक्षकले सम्बन्धित निकाय तथा विभाग समक्ष पेश गर्नुपर्नेछ। | सम्बन्धमा देहायको कुनै वा सबै काम गर्न सक्नेछः-<br>(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली, मापदण्ड विपरीत प्रदूषण गर्ने वा फोहरमैला निष्कासन गर्ने व्यक्ति, संस्था वा प्रस्तावकलाई उपस्थित गराई बयान गराउने,<br>(ख) कुनै संयन्त्र, औजार, मेसिनरी वा पदार्थको जाँचबुझ गर्ने गराउने र त्यस्तो संयन्त्र, औजार, मेसिनरी वा पदार्थको प्रयोगमा रोक लगाउने,<br>(ग) प्रदूषणको रोकथाम तथा फोहरमैलाको निष्कासन नगर्न उपयुक्त आदेश जारी गर्ने।<br>(घ) यस ऐन बमोजिम आवश्यक कारबाही गर्ने।" | |
| | दफा २८ (१) र (२) | (१) नेपाल सरकारले कार्बन उत्सर्जन न्यूनीकरण र सञ्चितीकरणका लागि अन्तर्राष्ट्रिय सन्धिबाट स्थापित संयन्त्र, विदेशी सरकार वा संस्था, व्यावसायिक | १८. <u>मूल को दफा २८ मा संशोधनः</u> मूल ऐनको दफा २८ को,-<br>"(१) उपदफा (१) मा रहेका "नेपाल सरकारले" भन्ने शब्दको सट्टा "नेपाल सरकार वा तोकिए | कार्बन व्यापारमा नेपाल सरकारसँगै तोकिए बमोजिमको प्रस्तावकलाई समेत |

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| | | निकाय वा निजी क्षेत्रसँग हुने कार्बन व्यापारमा भाग लिन सक्नेछ।<br>(२) उपदफा (१) बमोजिमको कार्बन व्यापारमा भाग लिने र सोबाट प्राप्त लाभको बाँडफाँट सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | बमोजिमको प्रस्तावकले" भन्ने शब्दहरू राखिएका छन्।<br>(२) उपदफा (२) मा रहेका "लाभ बाँडफाँट" भन्ने शब्दहरू पछि "तथा आयोजना दस्तुर र त्यस्तो आयोजनाबाट उत्पत्ति भएको कार्बन क्रेडिटको बिक्री शुल्क" भन्ने शब्दहरू थपिएका छन्।<br>**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि,-<br>(१) **"प्रस्तावक"** भन्नाले कार्बन व्यापारमा भाग लिनको लागि तोकिएको क्षेत्रमा आयोजना विकास गर्ने आयोजना विकासकर्ताको रूपमा रहेका प्रस्तावक सम्झनुपर्छ।<br>(२) **"आयोजना"** भन्नाले कार्बन क्रेडिट उत्पन्न गर्ने आयोजना सम्झनुपर्छ।" | सहभागी गराई सोबाट प्राप्त हुने आयोजना दस्तुर र कार्बन क्रेडिट बिक्री शुल्क समेत कोषमा समावेश गर्ने। |
| | दफा ३५ | **३५. <u>जरिबानाः</u>** (१) कसैले देहायको कार्य गरे वा गराएमा सम्बन्धित निकायले देहाय बमोजिम जरिबाना गर्नेछः-<br>(क) संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनुपर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने | **१९. <u>मूल ऐनको दफा ३५ मा संशोधनः</u>** मूल ऐनको दफा ३५ को,-<br>(१) दफा ३५ को सट्टा देहायको दफा ३५ राखिएको छः-<br>"**३५. <u>सजायः</u>** (१) दफा ३५ को उपदफा (१) को खण्ड (क), (ख) र (ग) को सट्टा देहायको खण्ड (क), (ख) र (ग) राखिएका छन्- | जरिबानाको दायरालाई प्रक्रिया पूरा गरे/नगरेको आधारमा चरणबद्ध र समानुपातिक बनाई संक्षिप्त वातावरणीय व्यवस्थापन योजना नबनाउने प्रस्तावकलाई समेत दायरामा ल्याउन र वार्षिक स्वःअनुगमन |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| | | गरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा पाँच लाख रुपैयाँसम्म,<br>(ख) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा दश लाख रुपैयाँसम्म,<br>(ग) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गराउनुपर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा पचास लाख रुपैयाँसम्म।<br>(२) कसैले उपदफा (१) बमोजिमको कार्य गरेमा सम्बन्धित निकायले त्यस्तो कार्य तुरुन्त रोकी वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराएकोमा यस ऐन बमोजिम त्यस्तो प्रतिवेदन स्वीकृत गराउन र त्यस्तो प्रतिवेदन विपरीतको कार्य भएकोमा सो कार्यलाई सुधार गर्न आदेश दिनेछ र | (क) संक्षिप्त वातावरणीय व्यवस्थापन योजना स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन तयारी नगरी प्रस्ताव कार्यान्वयन गरेमा दुई लाखदेखि पाँच लाख रुपैयाँसम्म, प्रकृयामा गएको तर स्वीकृत नगराई कार्यान्वयन गरेमा एक लाखदेखि तीन लाख रुपैयाँसम्म वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कार्यान्वयन गरेमा पचास हजारदेखि दुई लाख रुपैयाँसम्म जरिबाना।<br>(ख) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन तयारी नगरी प्रस्ताव कार्यान्वयन गरेमा पाँच लाखदेखि दश लाख रुपैयाँसम्म, प्रकृयामा गएको तर स्वीकृत नगराई कार्यान्वयन गरेमा दुई लाखदेखि पाँच लाख रुपैयाँसम्म वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कार्यान्वयन गरेमा एक | प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था थप गर्न। |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| | | यसरी दिइएको आदेश बमोजिम गर्नु सम्बन्धित व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ। यसरी दिएको आदेश बमोजिम कार्य नभएमा सम्बन्धित निकायले उपदफा (१) बमोजिम गरिएको जरिबानाको तेब्बर जरिबाना गर्नेछ।<br>(३) उपदफा (१) मा उल्लिखित विषय बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरीतका कुनै कार्य गरेमा सम्बन्धित निकायले त्यस्तो कार्य गर्न बन्देज लगाई तीन लाख रुपैयाँसम्म जरिबाना गरी दुई महिनाभित्र यो ऐन र यस ऐन बमोजिम बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बमोजिमको कार्य गर्न आदेश दिन सक्नेछ। यसरी दिएको आदेश बमोजिम कार्य नभएमा यस उपदफा बमोजिम गरिएको जरिबानाको तेब्बर जरिबाना लाग्नेछ।<br>(४) उपदफा (२) वा (३) बमोजिम दिएको आदेश बमोजिमको कार्य | लाखदेखि तीन लाख रुपैयाँसम्म जरिबाना।<br>(ग) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन तयारी नगरी प्रस्ताव कार्यान्वयन गरेमा दश लाखदेखि पचास लाख रुपैयाँसम्म, प्रकृयामा गएको तर स्वीकृत नगराई कार्यान्वयन गरेमा पाँच लाखदेखि पच्चिस लाख रुपैयाँसम्म वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कार्यान्वयन गरेमा पाँच लाखदेखि दश लाख रुपैयाँसम्म जरिबाना।<br>(२) कसैले ऐनको दफा १३ को उपदफा (३) बमोजिम सुधार नगरेमा उपदफा (१) बमोजिमको जरिबानाको तेब्बर जरिबाना हुनेछ।<br>(३) कसैले दफा १५ बमोजिम निर्धारण गरिएको मापदण्डको बर्खिलाप हुने गरी कुनै कार्य गरेमा विभागले त्यस्तो कार्य गर्न बन्देज लगाई तीन लाख रुपैयाँसम्म जरिबाना गरी | |

| | | | | |
|---|---|---|---|---|
| | | नभएमा त्यस्तो कार्यमा बन्देज लगाइनेछ र त्यस्तो व्यक्ति वा संस्थालाई कालोसूचीमा राख्ने सम्बन्धमा आवश्यक कारबाही गर्न सम्बन्धित निकायले सिफारिस सहित विभागमा पठाउनुपर्नेछ।<br>(५) उपदफा (४) बमोजिम सिफारिस भई आएमा विभागले आवश्यक जाँचबुझ गर्दा व्यहोरा मनासिब देखेमा त्यस्तो व्यक्ति वा संस्थालाई एक वर्षदेखि पाँच वर्षसम्म कालोसूचीमा राख्नुपर्नेछ।<br>(६) उपदफा (४) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि विभागले दिएको आदेश कार्यान्वयन नभएको विषयमा विभागले आवश्यक जाँचबुझ गरी उपदफा (५) बमोजिमको कारबाही गर्नेछ।<br>(७) उपदफा (५) बमोजिम कुनै व्यक्ति वा संस्थालाई कालोसूचीमा राखिएकोमा त्यस्तो व्यक्ति वा संस्थाले कालोसूचीमा राखिएको अवधिभर आफ्नो नाममा वा त्यस्तो व्यक्ति वा संस्थासँग | मापदण्डमा व्यवस्था भए बमोजिम गर्न आदेश दिन सक्नेछ।<br>(४) कसैले दफा (१६) को बर्खिलाप हुने गरी जोखिमपूर्ण फोहरको आयात वा पैठारी गरेमा विभागबाट पाँच लाख रुपैयाँसम्म जरिबाना गरिनेछ।<br>(५) कसैले दफा (१७) को बर्खिलाप हुने गरी जोखिमपूर्ण फोहर फालेमा विभागबाट पाँच लाखसम्म जरिबाना र त्यस्तो जोखिम पदार्थ व्यवस्थापनका लागि लाग्ने रकम समेत असुलउपर गरिनेछ।<br>(६) कसैले यस दफामा उल्लिखित बाहेक ऐन वा ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका वा कार्यविधि वा मापदण्डको बर्खिलाप गरेमा विभागले तीन लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।<br>(७) यस दफा बमोजिमको जरिबाना गर्नुपूर्व सफाइको मौका दिनु पर्नेछ।" | |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| | | सम्बन्धित जुनसुकै नाममा कुनै पनि प्रस्ताव पेश गर्न सक्नेछैन।<br>(८) यस दफा बमोजिमको जरिबाना गर्नुअघि जरिबाना गर्न लागिएको व्यक्ति वा संस्था वा आयोजनालाई सफाइ पेश गर्ने मनासिब मौका दिनुपर्नेछ। | | |
| | दफा ३९ (१) र (२) | ३९. <u>अनुगमन तथा निरीक्षण गर्ने</u>: (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्डको कार्यान्वयन भए नभएको सम्बन्धमा मन्त्रालय वा विभागले अनुगमन तथा निरीक्षण गर्नेछ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आफ्नो क्षेत्रभित्रको वातावरण संरक्षण र संवर्धन गर्ने उद्देश्यले प्रदेश सरकार वा स्थानीय तहले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्डको कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्न सक्नेछन्। | २०. <u>मूल ऐनको दफा ३९ मा संशोधन</u>: मूल ऐनको दफा ३९ को,-<br>(१) उपदफा (२) पछि देहायको उपदफा (२क), (२ख) र (२ग) थपिएका छन्:-<br>"(२क) प्रस्तावकले स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम प्रस्ताव कार्यान्वयनको वार्षिक रूपमा स्वःअनुगमन गरी अनुगमन प्रतिवेदन स्वीकृत गर्ने निकाय र विभागमा बुझाउनु पर्नेछ।<br>(२ख) दफा ७ को उपदफा (५) बमोजिम स्वीकृत भई उपदफा (५क) बमोजिम प्राप्त प्रतिवेदन अनुसार काम भए नभएको सम्बन्धमा विभाग वा सम्बन्धित निकायले अनुगमन गर्न सक्नेछ र अनुगमन गर्दा प्रतिवेदन अनुसार काम नभएको पाइएमा दफा ३५ बमोजिम कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ। | |



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| | | | (२ग) उपदफा (२ख) बमोजिम कारबाहीको लागि सिफारिस प्राप्त भएमा सम्बन्धित निकायले यस ऐन बमोजिम कारबाही गर्नु पर्नेछ।" | |
| | दफा ४१ (१) थप (१क) | (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी वातावरण संरक्षणका दृष्टिले पूर्व सावधानी अपनाउनु पर्ने विषयका सम्बन्धमा आवश्यक आदेश जारी गर्न सक्नेछ। | २१. **<u>मूल ऐनको दफा ४१ मा संशोधन</u>**: मूल ऐनको दफा ४१ को,-<br>(१) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-<br>"(१क) उपदफा (१) बमोजिम नेपाल सरकारले जारी गरेको आदेश कार्यान्वयन भए नभएको सम्बन्धमा दफा २१ बमोजिमको वातावरण निरीक्षक वा खटिएको कर्मचारीले अनुगमन र निरीक्षण गरी सोको प्रतिवेदन सम्बन्धित निकायको प्रमुख मार्फत विभागको महानिर्देशकसमक्ष पेस गर्नेछ।" | पूर्वसावधानीमूलक आदेश कार्यान्वयन भए नभएको अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन पेश गर्ने जिम्मेवारी तोक्न। |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं